**नेपाल सरकार**
**राष्ट्रिय परीक्षा बोर्ड**
**सानोठिमी भक्तपुर**

## SEE २०८२ को पूरक परीक्षाफल प्रकाशनसम्बन्धी विज्ञप्ति

राष्ट्रिय परीक्षा बोर्डको मिति २०८३।०३।२३ को निर्णयानुसार २०८३ साल असार १ गतेदेखि ९ गतेसम्म सञ्चालित माध्यमिक शिक्षा पूरक परीक्षा कक्षा १० (एसइइ) परीक्षाको परीक्षाफल प्रकाशन भएको छ । परीक्षामा आवेदन भर्न योग्य १४६५०७ परीक्षार्थी रहेकामा १२९११४ जना सहभागी भएका र ती मध्ये ८३५२३ जना अर्थात ६४.६८% वर्गीकृत भएका छन ।एसइइ २०८२ को नियमित तर्फका ४३०६६७ जना परीक्षार्थीमध्ये मूल र पूरक परीक्षाबाट ३६७६८३ जना अर्थात ८५.३७% वर्गीकृत भएका छन । वर्गीकृत हुन सफल परीक्षार्थीलाई बधाई तथा अवर्गीकृत हुने परीक्षार्थीलाई आगामी परीक्षामा वर्गीकृत हुनका लागि शुभकामना छ । परीक्षा व्यवस्थापन गर्न सहयोग गर्नुहुने शिक्षक, अभिभावक, स्थानीय तह, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति,शिक्षा तथा खेलकुद मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालयलगायत अन्य सम्बन्धित मन्त्रालय र अन्तर्गतका सेवा प्रदायक विभिन्न निकाय, सञ्चार माध्यम तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति धन्यवाद प्रकट गर्दछु ।

१ **नतिजा हेर्ने व्यवस्थाः** विभिन्न २० ओटा संस्थाको website, IVR र SMS/USSD मार्फत, राष्ट्रिय परीक्षा बोर्डको Website www.neb.gov.np र प.नि.का. कक्षा १० को Website www.see.gov.np बाट नतिजा सहजरूपमा हेर्न सकिने व्यवस्था गरिएको छ । संस्थाहरूको जानकारी परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website see.gov.np मा राखिएको छ । नेपाल टेलिकम, प.नि.का. कक्षा १० र राष्ट्रिय परीक्षा बोर्ड केन्द्रीय कार्यालयको website बाट परीक्षार्थीको सिम्बोल नं र जन्ममिति राखेर ग्रेडसिट हेर्न र डाउनलोडसमेत गर्न सकिने छ ।

२ **ग्रेडिङ व्यवस्थाः**लेटर ग्रेडिङ निर्देशिका २०८३ को व्यवस्थाअनुसार परीक्षार्थीले परीक्षा दिएको विषयको बाह्य सैद्धान्तिक परीक्षामा३५ %र आन्तरिक मूल्याङ्कनमा ४०%अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ । जसमा सैद्धान्तिक ७५/५० पूर्णाङ्क भएका विषयमा कम्तीमा क्रमशः २७/१८ अङ्क र आन्तरिकतर्फ २५/५० पूर्णाङ्कमा वर्गीकृत हुनका लागि कम्तीमा क्रमशः १०/२० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । उल्लिखित व्यवस्थाअनुसार ग्रेडिङ गरिएको छ ।

३ **नतिजा पुनर्योगः**प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका हेर्न र पुनः परीक्षणसमेत गराउन सक्ने व्यवस्था रहेको छ । पुनर्योगका लागि परीक्षार्थीलाई अनलाइनमार्फत आवेदन गर्न सकिने व्यवस्था गरिएको छ । जसअनुसार परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि यस कार्यालयको वेबसाइटमा payment.see.gov.np मा गई पुनर्योग फाराम भरी आवेदन गर्न सक्ने छन् । पुनर्योगका लागि आवेदन गर्न २०८३ साल असार २५ गतेदेखि २०८३ साल असार ३१ गतेसम्मको समय निर्धारण गरिएको छ ।

४ **त्रुटि सच्याउनेः** नतिजा प्रकाशनका क्रममा प्राविधिक कारणबाट कहिँकतै त्रुटि देखिन गएमा राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को मूल अभिलेखबाट सच्याइने छ ।

५ **उमेर, नाम, थर सच्याउने सम्बन्धमाः** परीक्षार्थीको उमेर, नाम र थर कुनै कारणले फरक परेमा अर्को व्यवस्था नभएसम्मका लागि प्रवेशपत्रअनुसार सच्याउन सकिने र प्रवेशपत्रमा समेत फरक परेको अवस्थामा नतिजा प्रकाशन भएको ५ (पाँच) वर्षभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीको फैसला पर्चाअनुसार सच्याउन सकिने व्यवस्था रहेकाले सोहीअनुसार निवेदन दिई सच्याउन सकिने छ ।

६ **नतिजा नखुलेको सम्बन्धमाः** नतिजा प्रकाशन हुँदा परीक्षार्थीको कुनै कारणले कुनै विषयमा नतिजा नखुलेको अवस्था रहेमा यस कार्यालयको वेबसाइटमा रहेको नतिजा खुलाउने निवेदन डाउनलोड गरी कुन कुन विषयको नतिजा नखुलेको हो सोसम्बन्धी विवरण भरी प्रवेशपत्रको प्रतिलिपि संलग्न गरी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइ मार्फत इमेलबाट वा सोझै यस कार्यालयमा निवेदन दिनुपर्ने छ ।

७ परीक्षामा मर्यादा विपरित कार्य गरेको भनि केन्द्राध्यक्षबाट सिफारिस भएका ७ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको छ ।

**अन्य जानकारीका लागिः**परीक्षाको नतिजासम्बन्धी जानकारी लिनका लागि यस कार्यालयको फोन नं ०१६६३०७३९ र सूचना अधिकारीको मोबाइल नं ९८५१३४०१५० मा सम्पर्क गर्न सकिने छ । नियमित सूचनाका लागि यस कार्यालयको वेबसाइट www.see.gov.np बाट जानकारी लिन सकिने छ ।

**मितिः २०८३।०३।२३**

**टुकराज अधिकारी**
**नियन्त्रक**
**राष्ट्रिय परीक्षा बोर्ड**
**परीक्षा नियन्त्रण कार्यालय कक्षा-१०**